बैठक मिति :२०७६।०५।१८ गते

**छलफलका लागि पेश भएका प्रस्तावहरुः**

१. चालु आ.व. २०७६।०७७ को योजना संचालन समन्धमा ।

२. बालुवा गिट्टी ठेक्का सम्वन्धमा ।

३. मातृ नव शिशु कार्यक्रम समन्धमा ।

४. अवैधरुपले चलेको उद्योगहरु तथा क्रसर उद्योगहरु सम्वन्धमा ।

५. आर्थिक सहयोग सम्वन्धमा ।

६. चेक सम्वन्धमा ।

**निर्णय नं. १**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको चालु आ.व. २०७६।०७७ को योजना संचालन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस आ.व.मा उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुको हकमा उपभोक्ता समितिबाट जनसहभागिता जुटाई निम्न अनुसारको प्रकृया र कार्य तालिका बमोजिम उपभोक्ता समिति गठन गरी योजना संचालन गर्ने निर्णय गरियो ।

तपसिल

(१) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(२) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय यसै साथ सग्लग्न सार्वजनिक रुपमा जारी गरिएको सूचना अनुसार गराउनु पर्नेछ। र भेलाको उपस्थिती कम्तीमा समितीको सख्याको पाँच गुणा भन्दा वढी हुनु पर्ने छ।

(३) उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा नगरकार्यपालिकाले तोकेको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(४) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ। समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ। र समितीका पदाधिकारीहरु पुर्ण रुपमा साक्षार हुनु पर्नेछ।

(५) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन। साथै एकासगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन।

(६) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ। अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन।

(७) उपभोक्ता समितिको सदस्य सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा हुनु पर्नेछ।

(९) उपभोक्ता समितिको सदस्यको उमेर १८ वर्ष पुरा भएको नेपाली नागरिक हुनु पर्नेछ।

(१०) उपभोक्ता समितिको सदस्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको साथै सरकारी बाँकी बक्यौता वा पेश्की फर्छौट गर्न बाँकी नरहेको हुनु पर्नेछ।

(११) उपभोक्ता समितिमा जनप्रतिनिधी, राजनैतिक दलका पदाधिकारी, बहालबाला सरकारी कर्मचारी र शिक्षक समेत सदस्य हुन पाउने छैन

(१२) उपभोक्ता समितीबाट कम्तीमा जनसहभागिता वापत पक्की कामको लागी १०% र कच्ची कामको लागी १२% लागत सहभागिता व्यहोर्नु पर्नेछ ।

| वडा न | उपभोक्ता समिती गठन हुने मिती | आम भेला हुने स्थान | समय |
|---|---|---|---|
| १ | २०७६।०५।२२-२३-२४ | जानकीनगर चौतारा र ब्रम्हस्थान | समय विहानको ११ बजे |
| २ | २०७६।०६।६-७-८ | सखुवा टोल-कछरिया टोल पुलचौक-बजार | समय विहानको ११ बजे |
| ३ | २०७६।०६।८-९-१० | वडा कार्यालय नजिक | समय विहानको ११ बजे |
| ४ | २०७६।०६।११-१२-१३ | वडा कार्यालय र मावि भवन | समय विहानको ११ बजे |
| ५ | २०७६।०५।२८-२९-३० | मजुर्वा-असन्वा-लक्ष्मीपुर पुर्वारीटोल | समय विहानको ११ बजे |
| ६ | २०७६।०६।३-४-५ | वडा कार्यालय- दास टोल | समय विहानको ११ बजे |
| ७ | २०७६।०५।३१ र २०७६।०६।१-२ | पच्गछीया विद्याल- चिताइन मन्दिर | समय विहानको ११ बजे |
| ८ | २०७६।०५।२५-२६-२७ | जुटपानी- इन्द्रपुर-पतौरा-जगतपुर स्कुल-वडा कार्यालय | समय विहानको ११ बजे |
| ९ | २०७६।०६।१४-१५-१६ | वडा कार्यालय-ढावटोल चौतारा | समय विहानको ११ बजे |

- उपभोक्ता समितिलाई योजना संचालन सम्वन्धी तालिम २०७६।०६।२८-२९-३० गते नगरपालिकाको सभाहलमा संचालन गरिनेछ ।
- उपभोक्ता समितिसँग योजनाको सम्झौता गरी कार्यदेश दिने मिति २०७६ कार्तिक ३ गते देखि २९ गते सम्म ।
- उपभोक्ता समितिले कार्यादेश पाएको मितिले ३ महिना भित्र योजना सम्पन्न गरिसक्नु पर्नेछ ।

## निर्णय नं. २

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको वालुवा गिट्टी ठेक्का सम्वन्धी प्रस्तावमा छलफल गर्दा आ.व. २०७६।०७७ मा लखनदेही खोलाको वडा नं. ८ को नहरको पुल देखि वडा नं. ९ को पिडारी सम्म वालुवा गिट्टी झिक्न निम्न अनुसारको दररेटमा निम्न परिणाम वालुवा, गिट्टी, रोडा र ढुंगााको ठेक्का न्युनतम अंक कायम गरि सुचना मार्फत ठेक्का लगाउने निर्णय गरियो ।

| क्र.सं. | आर्थीक वर्ष | ठेक्काको कार्य क्षेत्रको विवरण | उत्खनन हुने अधिकतम परिणाम (घन फिट) | वोल कवोल गर्नु पर्ने न्युनतम रकम अंक वार्षिक (भ्याट वाहेक) रु. | दर रेट | वोलपत्र फाराम दस्तुर | धरौटी राख्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| १ | २०७६।०७७ | लखनदेही खोलाको वडा नं. ८ को नहरको पुल देखि वडा नं. ९ को पिडारी सम्म | ३३३३४० | १५,००,००० | रु. ४।५० प्रति घन फिट | १०००।०० | वोल कवुल रकम अंकको ५% ले हुन आउने रकम |

- ✓ झिम खोलाको ईश्वरपुर नगरपालिकाको उतर सिमाना देखि दक्षिण चन्द्रनगर गाउपालिका र कविलासी नगरपालिका भित्रमा पर्ने खोलाबाट बालुवा, गिट्टी, ढुंगा र रोडा बोकी बाहिर जाने ट्रयाक्टरलाई प्रति ट्रयाक्टर रु. ४००।०० प्रति टिपर रु. १०००।०० का दरले पुर्वाधार कर असुल उपर गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको मातृ तथा नव शिशु कार्यक्रम सम्वन्धी प्रस्तावमा छलफल गर्दा मातृ तथा नव शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा एन..ए.सी, न्यानो झोला, भिटामीन के, म्यागनेशियम सलफेट, क्यालसियम गुलकोनेट र निशुल्क गर्भपतन कार्यक्रमका लागि विनियोजन रकम २४,८५,०००।०० (चौविस लाख पचासी हजार मात्र) मध्ये

(क) न्यानो झोला खरिद :- ४,९०,०००।००

(ख) भिटामीन के, म्यागनेसियम सल्फेट, क्यालसियम गुलकोनेट खरिद :- २,००,०००।००

(ग) मातृ तथा नव शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, ए. एन.सी. निशुल्क गर्भपतन कार्यक्रम

:- १७,९५,०००

**निर्णय नं. ४**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको अवैधरुपले चलेको उद्योगहरु तथा क्रसर उद्योगहरु सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र इजाजत वा मापदण्ड विपरित रहेका, विद्यालय, उद्योग कलकरखाना, क्रसर उद्योग सहितको विवरण मन्त्रालयमा माग भई आएको हुनाले १ हप्ता भित्र उल्लेख भए अनुसारको विवरण सत्य तथ्य खुलाई उद्योगहरु तथा क्रसर उद्योगसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको आर्थिक सहयोग सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत मुटु, क्यान्सर, हृदयघात जस्ता जटिल प्रकृतिका विरामीहरुले उपचार गर्दा गर्दै आर्थिक अवस्था निकै कठिन र अफ्ठयारा भएका विरामीहरुको देहायका रोगीहरुलाई रु. १०,०००।०० (दश हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

१. माधव सुवेदी रु. १०,०००।००

२. वनारसी देवी साह रु. १०,०००।००

३. सिता देवी चौधरी रु. १०,०००।००

४. राम बहादुर खत्री रु. १०,०००।००

५. इसराफिल मंसुर रु. १०,०००।००

६. श्रीदेव महतो रु. १०,०००।००

७. विपसा माझी गुप्तांग अङ नभएको रु. १०,०००।००

८. इसराईल मिया रु. १०,०००।००

**निर्णय नं. ६**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको चेक सम्वन्धी प्रस्तावमा छलफल गर्दा स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत सौर्य सडक बती उपभोक्ता समिति हरिपुर नाममा बनिसकेको चेक नं. ००९७५७५४६७ रकम रु. २९,३६,३७७।०० मिति २०७६।०३।३१ गतेको बुझी सकेको सो चेक लगाउने लुगामा रहेको र पानीबाट भिजी काम नलाग्ने भएकोले मिति २०७६।०५।१८ गतेको निवेदकको माग अनुसार नयाँ चेकबाट भुक्तानी गराई दिने भनि निर्णय गरियो ।